भूमिकास्थान नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

प.सं. २०७७/०७८
च.नं.

प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/११/१७

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्यको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

यस नगरपालिकाको वडा नं.७, नुवाकोट चिदिचौर स्थित खेल मैदानमा १५शैयाको आधारभूत अस्पताल निर्माण गर्नुपूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने भएकोले देहायको कार्यको लागि परामर्शदाता प्रतिस्पर्धाबाट नियुक्त गर्न TOR सहितको प्रस्तावमा उल्लेखित कार्यका लागि शिलबन्दी आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने प्रयोजनका लागि योग्य फर्म तथा परामर्श दाताहरुको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले ७औं दिनसम्म कार्यालय समय भित्र TOR प्रति सहितको प्रस्ताव फारम रु.१०००।- (फिर्ता नहुने) मा यस कार्यालयमा नगदै बुझाई खरिद गर्न सकिने छ । उक्त कार्य के कति रकममा गर्न सकिने हो ? सो को प्राबिधिक र आर्थिक प्रस्ताव सूचना प्रकाशित भएको ८औं दिनको १२:०० बजे भित्र छुट्टाछुट्टै शिलबन्दी गरी दर्ता गर्नु पर्ने छ र सोही दिन दिनको १:०० बजे प्रतिनिधिहरुको रोहवरमा प्राबिधिक प्रस्ताव खोलिने छ । प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | IEE गर्नुपर्ने स्थानको नाम र क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | IEE०२/०७७/७८ | भूमिकास्थान नगरपालिका वडा नं.७ नुवाकोट चिदिचौर स्थित खेल मैदान र आसपासको क्षेत्र । | |

**आयशपत्रदाताले पेश गर्नु पर्ने कागजातहरू**

१) प्राविधिक प्रस्तावमा निम्नानुसारको विवरण संलग्न गर्नु पर्नेछ ।

- परामर्शदाताको कर दर्ता प्रमाण पत्र ।
- फर्म वा कम्पनिको विवरण, संगठन कर्मचारी तथा विज्ञहरुको विवरण र योग्यता ।
- विगत ५ वर्षमा सम्पन्न गरेको IEE सम्बन्धी कार्यको विवरण ।
- प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको बैयक्तिक विवरण ।
- प्रस्तावित कार्य गर्न लाग्ने अनुमानित समय
- कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावग्राहीता ।

ख) अन्य कुराहरुः

- प्राबिधिक प्रस्तावको अंकभार १०० हुने छ । उत्तिर्णाङ्क ६० अंक हुने छ ।
- प्राबिधिक प्रस्तावमा उत्तीर्ण हुनेहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।
- आर्थिक प्रस्तावमा आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
- कार्यको प्रतिवेदन बुझाउनु पर्ने समय अधिकतम सम्झौता मितिले १५ दिन मात्र हुनेछ ।
- प्रतिवेदन तयार गर्दा स्वीकृत IEE कार्यसूचीमा उल्लेखित ढाँचामा तयार गर्नु पर्नेछ ।
- अन्य कुराहरुको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

अन्य केहीकुराहरु बुझ्नु परेमा कार्यालयको फोन नं. ९८५७०६९९८१, ९८५७०६९९८७, ९८५७०६९७९६, ९८५७०६९९९०, ९८५७०६९७९१ मा सम्पर्क गर्नु होला ।

८०७७/११/१७

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत